# लालीगुराँस नगरपालिका

# लालीगुराँस नगरपालिकाको राजपत्र

खण्डः८ संख्याः ०९ मितिः २०८२/१२/०६

**भाग -१**

**लालीगुराँस नगरपालिका, तेह्रथुम**

## लालीगुराँस नगरपालिकाको नगर प्रहरी व्यवस्थापन ऐन, २०८२

नगर सभाबाट पारित मितिः २०८२।१२।०५

नगर प्रमुखबाट प्रमाणीकरण मितिः २०८२।१२।०६

**प्रस्तावनाः** लालीगुराँस नगरपालिका क्षेत्रभित्र प्रचलित कानून तथा समय समयमा हुने निर्णय, नियम, मापदण्ड तथा प्रशासनिक आदेशहरुको कार्यान्वयनमा सहयोग र सहजीकरण गर्न, सार्वजनिक तथा निजी सम्पत्तिको सुरक्षा र संरक्षण गरी नगरपालिकामा कानूनको शासन स्थापित गर्दै,

नागरिकलाई न्याय, सुरक्षा तथा व्यवस्थाको प्रत्याभूत गर्न, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न नगरक्षेत्र भित्रका प्राकृतिक तथा सांस्कृतिक साधन श्रोत र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न तथा जुनसुकै बेला आउन सक्ने विपद् र अन्य आकस्मिक घटनाहरुको तत्काल सम्बोधन र समन्वय गरी नागरिकको जीउ धनको सुरक्षा गर्दै नगरबासीलाई स्थानीय सरकारको अनुभूती प्रदान गर्नको लागि नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको अनुसूची ८ को क्रम संख्या १ मा व्यवस्था भएको नगर प्रहरी सम्बन्धी स्थानीय तहको अधिकार सूची एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४

को दफा १०२ (१) बमोजिम लालीगुराँस नगरपालिकाको सत्रौं नगर सभाले यो ऐन पारित गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "लालीगुराँस नगरपालिकाको नगर प्रहरी व्यवस्थापन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन लालीगुराँस राजपत्रमा प्रकाशित भए पश्चात् लागू हुनेछ ।

**२. परिभाषा र व्याख्याः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

क) **"ऐन"** भन्नाले लालीगुराँस नगरपालिकाको नगर प्रहरी व्यवस्थापन ऐन, २०८२" लाई सम्झनु पर्दछ ।

ख) **"नगरपालिका"** भन्नाले लालीगुराँस नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) **"सभा"** भन्नाले लालीगुराँस नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

घ) **"प्रमुख"** भन्नाले लालीगुराँस नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

ङ) **"उप प्रमुख"** भन्नाले लालीगुराँस नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्दछ।

च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले लालीगुराँस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

छ) **"नगर प्रहरी"** भन्नाले लालीगुराँस नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

**३. नगर प्रहरी सेवाको गठनः** (१) नगरपालिकामा एक नगर प्रहरी सेवा रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीको संख्या नगर सभाबाट स्वीकृत संगठन तथा ब्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा उल्लेख दरबन्दी संरचना अनुसार हुनेछ ।

(२) नगर प्रहरी हवल्दार र जवानहरुको सेवाको अन्य शर्त कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) नगर प्रहरीको रेखदेख, नियन्त्रण र निर्देशन गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ। प्रमुख प्रशासकीय अधिकृतको आदेश र निर्देशन पालन गर्नुपर्ने प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

(४) नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरुमध्ये उपयुक्त कर्मचारीहरुलाई नगर प्रहरीको जिम्मेवारी दिन सकिनेछ ।

(५) नगर प्रहरीको संगठन समावेशी स्वरुपको हुनेछ ।

४. <u>नगरपालिकामा रहने नगर प्रहरीको पद र तह :</u> (१) नगरपालिकामा रहने नगर प्रहरीको पद र तह नगर सभाबाट स्वीकृत संगठन तथा ब्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा उल्लेख भएबमोजिम हुनेछ ।

(२) नगर कार्यपालिकाले प्रत्येक पदको कार्यविवरण बनाउनेछ र त्यस्तो कार्यविवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

## परिच्छेद-३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

५. <u>नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार</u> (१) नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

<u>देहायः</u>

क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

ख) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

ग) नगरमा हुने सभा समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा, व्यवस्थापन,

घ) नगरको बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

ङ) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

च) सार्वजनिक, ऐलानी र प्रति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

छ) विशेष गरी नगरपालिकाको वडा क्षेत्रहरुमा हुने आगलागीका घटना नियन्त्रण गर्ने कार्यमा उपलब्ध जनशक्ति, दमकल र अन्य श्रोत साधन सहित तत्काल परिचालन हुने,

ज) अन्य विपद्व्यवस्थापन सम्बन्धी घटनाहरुमा परिचालन भई तत्काल खोजी, उद्धार, राहत तथा पुनस्थापना कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने,

झ) अनाधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण,

ञ) छाडा पशु चौपायाको नियन्त्रण गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने,

ट) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

ठ) वडाको सुरक्षार्थ आवश्यक व्यवस्था मिलाउने,

ड) सार्वजनिक आवागमनमा बाधा पुर्‍याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

ढ) स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने। तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकार चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

ण) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु विक्रि वितरणमा रोक लगाउने। अटेर गरेममा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

त) खतरा उत्पन्न हुने रुख काट्न लगाउने। जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

थ) वडा समिति, टोल विकास संस्था तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

द) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

ध) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

न) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

प) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

फ) नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

ब) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने

भ) नगरपालिका अन्तर्गतका शाखा, उपशाखा तथा आयोजनावाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समय भित्रि उपलब्ध गराउने ।

म) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

य) कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद-४

## तह विभाजन र पदपूर्ति

६. **<u>पद सिर्जना तथा दरवन्दी खारेजः</u>** नगर प्रहरी कर्मचारीको पद सिर्जना तथा दरवन्दी खारेज देहाय बमोजिम हुनेछ-

क) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरबन्दीहरुको सिर्जना तथा खारेजी नगर सभा द्वारा स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिबेदनले दिएको सुझाव तथा दरबन्दी संरचना बमोजिम हुनेछ ।

ख) दरबन्दी सिर्जना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरबन्दीले थप गरेको कार्यबोझ सक्ने/नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी नगर कार्यपालिकाले सभा समक्ष पेश गर्नु पर्नेछ ।

ग) आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी प्रचलित कानुन बमोजिम संस्थागत सेवा करार मार्फत समेत नगर प्रहरीको सेवा लिन सक्नेछ ।

घ) नगर प्रहरी पद स्थायी हुने छैन ।

ङ) नगर अस्पताल, वडा कार्यालय, चो?लुङ पार्क तथा युमा संग्रहालयमा एवम् अन्य पर्यटकिय स्थलहरुमा समेत नगर प्रहरीको व्यवस्था गर्न सकिनेछ।

७. **<u>नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरुः</u>** नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरी नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवाद्वारा पूर्ति गरिनेछ ।

(क) नगर प्रहरी हवलदार

(ख) नगर प्रहरी जवान

८. **<u>नगर प्रहरीको योग्यताः</u>** (१) नगर प्रहरी हवलदार पदको खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरुको योग्यता अनुसूची -१ मा तोकिए बमोजिमको हुनेछ ।

(२) नगर प्रहरी जवान पदको खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरुको योग्यता अनुसूची-२ मा तोकिए बमोजिमको हुनेछ ।

९. **<u>नगर प्रहरी सेवाको पदपूर्ति सम्बन्धी व्यवस्थाः</u>** (१) नगर प्रहरी सेवाका लागि नगर कार्यपालिकाले तोकेको कार्यविधि बमोजिम सेवा करारमा खुल्ला प्रतियोगिताद्वारा पदपुर्ती गर्न सकिनेछ ।

(२) नगर प्रहरी हवलदार र नगर प्रहरी जवान पदमा खुला प्रतियोगिताबाट शतप्रतिशत प्रतिस्पर्धा गरी करार सेवामा नियुक्ति गर्नेछ ।

(३) खुल्ला प्रतियोगिताबाट पदपूर्ति हुने नगर प्रहरी जवान पदमा कुल स्वीकृत दरबन्दीको ६०% पुरुष र ४०% महिला हुने गरी समावेशिताको सिद्धान्तको आधारमा पदपुर्ति हुनेछ ।

## परिच्छेद-५

## आचरण

१०. **<u>दान उपहार लिन नहुनेः</u>** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले नगरपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

११. **<u>चन्दा लिन नहुनेः</u>** कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

१२.**स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुने:** नगरपालिकालाई पूर्व सूचना नदिई कुनै पनि नगर प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने वाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन यदी खरिद गर्नु पर्ने भएमा लालीगुराँस नगरपालिकाको स्वीकृत लिएर मात्र खरिद गर्न सक्नेछ ।

१३.**सम्पत्तिको विवरण दिनुपर्ने:** नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र नगरपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्नेछ ।

१४.**व्यापार व्यवसाय गर्न नहुने:** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन:

क) कुनै व्यापार गर्न

ख) कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

ग) कुनै व्यवसाय चलाउन ।

१५.**नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने:** नगर प्रहरी कर्मचारीले नगरपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

१६.**रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने:** नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

१७.**नगरपालिकाको आलोचना:** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा नगरपालिका र नगरबासीमा खल्ल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

१८. <u>**निर्वाचनमा भाग लिन नहुने:**</u> नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन। तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन वमोजिम आफ्नो मताधिकार प्रयोग गर्न भने पाउनेछ ।

१९. <u>**राजनीतिमा भाग लिन नहुने:**</u> नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

२०. <u>**समय पालन र नियमितता:**</u> नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

२१. <u>**अनुशासन र आज्ञापालन:**</u>

क) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

ख) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकारीले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

ग) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकारी प्रति उचित आदर देखाउनुपर्नेछ ।

२२. <u>**नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने:**</u> नगर प्रहरी कर्मचारीले आफ्नो कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन ।

२३. <u>**बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्ध:**</u> नगर प्रहरी कर्मचारीले कानुन बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद-६

## सजाय र पुनरावलोकन

२४. <u>**सजाय:**</u> मनासिव आधार प्रमाण भएमा नगर प्रहरी कर्मचारीलाई देहाय बमोजिमको सजाय हुन सक्नेछ,

क) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने,

ख) नसिहत दिने,

ग) तलब वृद्धि वा पदोन्नति रोक्का गर्ने,

घ) लापरबाहीको कारण नगरपालिकालाई हानि नोक्सानी भएको ठहर भएमा विगो बमोजिमको रकम असुल उपर गरिनेछ,

ङ) एक तह तलको पदमा घटुवा गर्ने,

च) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने,

छ) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

२५. **नसिहत दिने वा प्रतिकूल राय लेख्ने:** नगर प्रहरी कर्मचारीले काममा लापरवाही गरेमा नसिहत दिन सकिनेछ । दुई पटकसम्म नसिहत दिंदा पनि निजले काममा लापरबाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ।

२६. **तलब वृद्धि वा पदोन्नति रोक्ने**: नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय दिने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

२७. **तलब घटाउने**: कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय दिने अधिकारीले सो टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र नगरपालिकालाई हानि नोक्सानी पुर्‍याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा,

ख) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा,

ग) आचरण उल्लंघन गरेमा,

घ) मनासिव कारण नभई नियुक्ति भएको एक वर्षभित्रै नोकरीबाट अलग हुन कारण झुट्टा देखाएमा,

ङ) आदेश निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

च) मनासिव कारण नभई वा विदा स्वीकृत नगराई विदा बसेकोमा वा गैर हाजिर भएमा,

छ) लापरबाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

२८. **सजाय सम्बन्धी कार्यविधि:** (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकतानुसार

सम्बन्धित नगर प्रहरी कर्मचारी समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(३) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको नगर प्रहरी कर्मचारी पुर्पक्षको अवधिभर स्वतः निलम्बित हुनेछ ।

(४) सजायको प्रक्रिया अवलम्बन गर्नु पूर्व नगर प्रहरी कर्मचारीलाई सफाइको मौका दिनुपर्ने छ ।

(५) फौजदारी अभियोग लागेको नगर प्रहरी कर्मचारीले अभियोगबाट सफाई पाएमा निजले पूर्ववतः सेवा सुविधा पाउने छ ।

२९.**सजायको आदेश जाँचबुझको लागि दिने:** काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निजसँग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समय भित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टीकरण चित्त बुझ्दो नभएमा सजाय दिने अधिकारीले सजाय दिन सक्नेछ र सजाय आदेशको एक प्रति निजलाई उपलब्ध गराउनुपर्नेछ ।

## परिच्छेद-७

## पोशाक

३०.**नगर प्रहरी पोशाकः** नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण कार्यपालिकाले तोके बमोजिम हुनेछ।

३१.**पोशाक भत्ता:** प्रत्येक नगर प्रहरी कर्मचारीलाई प्रत्येक वर्षको भाद्र महिनामा एकमुष्ठ रु.२०,०००।– पोशाक भत्ताको रुपमा उपलब्ध गराइनेछ। तर सुरु नियुक्ति हुने नगर प्रहरी कर्मचारीलाई अन्य महिनामा समेत सो रकम उपलब्ध गराउन कुनै बाधा पर्ने छैन।

३२.**सुरक्षा सामग्रीः** प्रत्येक नगर प्रहरी कर्मचारीलाई लठ्ठी, सञ्चार उपकरण लगायतका आवश्यक सुरक्षा सामग्री  कार्यालयले उपलब्ध गराउनेछ ।

## परिच्छेद-८

## तलव, सेवा सुविधा, विदा र अवकाश

३३.**तलव स्केल, विदा तथा सेवा सुविधाः** (१) नगर प्रहरी कर्मचारीहरुको तलव भत्ता, विदा तथा अन्य सेवा सुविधा नगर कार्यपालिकाको निर्णयले तोकेबमोजिम र करार सम्झौतामा सहमति भएबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको विदा नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा दावी गर्न पाउने छैन।

(३) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो विवेक र औचित्य हेरी विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सकिनेछ ।

(४) नगर प्रहरी प्रमुखलाई विदा चाहिएमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नेछ ।

३४.**कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः** विदा स्वीकृत नगरी कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल वा तलवकट्टी गरी सेवाबाट हटाउन समेत सकिनेछ ।

## परिच्छेद-९

## विविध

३५.**पुरस्कार तथा प्रोत्साहनः** नगर प्रहरी कर्मचारीहरुले कर्तव्य पालनको सिलसिलामा उल्लेखनीय प्रसंशनीय कार्य गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रोत्साहन स्वरुप रकम वा अन्य सुविधा उपलब्ध गराउन सकिनेछ ।

३६.**चाडपर्व खर्च पाउनेः** नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा भुक्तानी पाउनेछ ।

३७.**बाधा अड्काउ फुकाऊः** नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र सञ्चालन यस ऐनमा व्यवस्था भएकोमा यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा कार्यपालिकाले गरेको निर्णय गरे बमोजिम हुनेछ ।

३८.**नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र आचार संहिता बनाई लागू गर्न सक्नेछ ।

३९.**यसै ऐन बमोजिम भए गरेको मानिनेः** यो ऐन प्रारम्भ हुनु अघि नगर प्रहरी सेवा सम्बन्धमा भए गरेका सम्पूर्ण कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

४०.**ऐन संशोधनः** यस ऐनमा आवश्यक संशोधन नगरपालिकाको नगरसभाले गर्न सक्नेछ।

# अनुसूची १

## (दफा ८ को उपदफा १ सँग सम्बन्धित)

नगर प्रहरी हवलदार पदको लागि आवश्यक न्यूनतम योग्यता

क) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नगर प्रहरी, नेपाल भन्दा बाहिर देशको सेना तथा प्रहरीमा पाँच वर्षभन्दा बढी सेवा गरेको र दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म ४५ वर्ष ननाघेको ।

ख) कम्तीमा दश कक्षा उत्तीर्ण गरेको ।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) कुनै राजनैतिक दलको सदस्य नरहेको ।

ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१-३५, तौल कम्तीमा ५० के.जी. भएको ।

छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल कम्तीमा ४५ के.जी. भएको ।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।

ठ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।

# अनुसूची २

## (दफा ८ को उपदफा २ सँग सम्बन्धित)

नगर प्रहरी जवान पदको लागि आवश्यक न्यूनतम योग्यता

क) १८ वर्ष उमेर पुगेको र २५ वर्ष ननाघेको वा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल भन्दा बाहिर देशको सेना तथा प्रहरीमा कार्य गरेको नेपाली नागरिकको हकमा ४५ वर्ष ननाघेको ।

ख) कम्तीमा आठ कक्षा उत्तीर्ण गरेको ।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) कुनै राजनैतिक दलको सदस्य नरहेको ।

ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१-३५, तौलकम्तीमा ५० के.जी. भएको ।

छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल कम्तीमा ४५ के.जी. भएको ।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।

ठ) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको

**आज्ञाले**

**रविन कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**